# फेदीखोला गाउँपालिका
## फेदीखोला, स्याङ्जा

गाउँ कार्यपालिका बैठक संख्या: ०४-२०८२/०८३

आज मिति २०८२ साल चैत्र महिनाको २७ गते शुक्रबारका दिन यस फेदीखोला गाउँपालिकाका अध्यक्ष श्री घनश्याम सुवेदीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

<u>तपसिलः</u>

| क्र.सं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री घनश्याम सुवेदी | | |
| २ | उपाध्यक्ष | श्री देउ कुमारी गुरुङ | | |
| ३ | सचिव | श्री विष्णु प्रसाद पोखरेल | | |
| ४ | सदस्य | श्री अमृत क्षेत्री | | |
| ५ | सदस्य | श्री अविलाश गुरुङ | | |
| ६ | सदस्य | श्री कृष्ण बहादुर रानाभाट | | |
| ७ | सदस्य | श्री ख्याम नारायण पौडेल | | |
| ८ | सदस्य | श्री डिल बहादुर गुरुङ | | |
| ९ | सदस्य | श्री सुमिता मिजार | सुमिता | |
| १० | सदस्य | श्री टेकमया गुरुङ | | |
| ११ | सदस्य | श्री सम्झना वि.क. | — | |
| १२ | सदस्य | श्री सिमा वि.क. | — | |
| १३ | सदस्य | श्री काले सार्की | काले | |
| १४ | सदस्य | श्री पार्वती कुमारी क्षेत्री | पार्वती | |
| | | अन्य उपस्थितिः | | |
| | प्रशासकीय अधिकृत | युवराज पौडेल | | |
| | ईन्जिनियर | तारा नाथ पौडेल | | |
| | स.प्रशासकीय अधिकृत | कमल शर्मा | | |

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक संख्या: ०४/२०८२-०८३

मिति: २०८२ साल चैत्र २७ गते शुक्रवार

समय: ११:३० बजे

स्थान: फेदीखोला गाउँपालिकाको सभाहलमा रहेको बैठक कक्ष

प्रस्तावहरु:

1. तेस्रो गाँउ कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्वन्धमा।
2. LGPAS सम्वन्धमा
3. प्रदेश विशेष र समपुरकं योजना छनौट सम्वन्धमा ।
4. बजेट सशोधन सम्बन्धमा।
5. अधिवेशन सम्वन्धमा ।
6. कुभिण्डे मट्टिखान सडक सम्वन्धमा ।
7. कृषि अधिकृतको नियुक्ति सम्वन्धमा
8. टाखार्क तिखेचुली डाडाकटेरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्वन्धमा

विविध

9. ICT प्रयोगशाला (Lab) सञ्चालन सम्वन्धमा
10. जे.सि.वि.को दररेटमा सम्वन्धमा
11. "अन्तर-पालिका साझेदारी कार्यक्रम" सम्वन्धमा
12. घर अभिलेख र घुम्ती शिविर कार्यक्रम सम्वन्धमा
13. शैक्षिक गतिविधि सञ्चालन सम्वन्धमा
14. आधारभुत तह कक्षा ५ र ८ परिक्षा र परिक्षाफल जानकारी सम्वन्धमा

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरुः

**निर्णय नं. १**

तेस्रो गाँउ कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

**निर्णय नं. २**

LGPAS (Local Government Performance Assessment System) अर्थात् स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली स्थानीय तहहरूको कार्यसम्पादनको वस्तुनिष्ठ मूल्याङ्कन गर्न स्थानीय तहले गर्ने सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र सुशासनका क्षेत्रमा हासिल गरेका उपलब्धिलाई तथ्याङ्कका आधारमा मापन र मूल्याङ्कन गर्ने प्रणालीमा पेश गरेका कागजपत्र विषयमा छलफल गरीयो । आगामी दिनमा सार्वजनिक सेवा प्रवाह विकास निर्माण र सुशासनमा क्षेत्रमा थप उपलव्धी हासिल गर्नका गर्न पहल गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, र 'विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसार आ. व २०८३।०८४ का लागि तपसिल बमोजिमका योजना गण्डकी प्रदेश नीति तथा योजना आयोगमा पठाउने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

| क्र स | योजनाको नाम | |
|---|---|---|
| १ | कुभिण्डे मट्टिखान नुवाकोट सडक स्तरोन्नती | |

बिशेष अनुदान तर्फ

| क्र स | योजनाको नाम | |
|---|---|---|
| १ | व्यवसायीयक मौरीपालन तथा कफि खेती प्रवर्धन कार्यक्रम | |

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

आ व २०८२।०८३ मा बजेट विनियोजन गर्ने समयमा आन्तरीक आम्दानी स्रोतमा ठुलो रकम अनुमान गरी बजेट निर्माण र स्वीकृत भएकोमा उल्लेख भए बमोजिम रकम प्राप्त हुने पालिकाको अवस्था नरहेकोले बजेट सशोधन गरी स्वीकृत गर्नु पर्ने देखिन्छ सो कार्यका लागि आवश्यक तयार गर्ने निर्णय गरियो । मिति २०८३ बैशाख ८ गते सो सम्वन्धमा छलफल तथा निर्णयका लागी कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं. ५

सार्वजनिक सेवा प्रवाह विकास निर्माण साथै बजेट सशोधन विषयमा छलफल र स्वीकृत साथै निर्णयका लागि मिति २०८३ बैशाख १० गते विहिवारका दिन गाँउपालिकाको सभाहलमा विशेष अधिवेशन बस्ने निर्णय गरियो।

निर्णय नं. ६

कुभिण्डे मट्टिखान सडक निर्माण आयोजनाको काम भइरहेको अवस्थामा सुरुको सम्झौता भन्दा कामको परिमाण, स्वरूप मा परिवर्तन गर्नु पर्ने भएकोले भेरियसन गर्नका लागि प्राविधिक पुष्टयाइँ सहितको भेरियसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखरा को च.न ३२५ मिति २०८२।१२।२० को सिफारिस पत्रानुसार स्थानीय सेवा ( गठन तथा सञ्चालन) एन को दफा १६ बमोजिम मिति २०८२।१२।२७ गतेको निर्णय मिति २०८२।१२।२५ गते देखि लागु हुने गरि श्री सुवास कुँवर पोखरा महानगर पालिका वडा न २५ लाई स्थानीय कृषि सेवा, कृषि प्रसार समुह सातौ तह, कृषि अधिकृत पदमा स्थायी नियुक्ति दिने निर्णय गरियो ।

प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

मिति २०८२।१०।०२ गते टाखार्क तिखेचुलि डाडाककटेरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मुहान दर्ताका लागि आवश्यक कागजात सहित निवेदन पेश गर्नुभएकोमा मिति २०८२।१०।०२ गते मुहान दर्ता गर्नका लागि वडा कार्यालयबाट प्राप्त सिफारिश आधारमा टाखार्क तिखेचुलि डाडाककटेरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति विधान २०८२ साथै अन्य आवश्यक कागजात र प्रमाणका आधारमा नियमानुसार खानेपानी मुहान दर्ता गर्ने निर्णय गरियो ।

विविध निर्णयहरु

निर्णय नं. ९

नेपाल सरकारले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगलाई उच्च प्राथमिकता दिएको छ । सोही बमोजिम शैक्षिक गुणस्तर सुधार अनुदान अन्तर्गत श्री जनप्रिय मा. वि फेदीखोला वडा न ३ लाई रु १० लाख अनुदान ICT प्रयोगशाला (Lab) सञ्चालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. १०

नेपाल आयल निगम (NOC) ले २०८२ चैत २७ (अप्रिल १०, २०२६) देखि लागु हुने गरी इन्धनको मूल्यमा भारी वृद्धि गरेको छ । पछिल्लो एक महिनामा मात्र यो चौथो पटकको मूल्य वृद्धि हो ।जसका कारण पालिकामा रहेको जे.सि.वि. तोकीएको दररेटमा सञ्चालन गर्न कठिनाई भएकोले सो सञ्चालनको दररेटमा केही परिवर्तन गर्न निर्णय गरियो ।

उपभोक्ता समिति : २३ सय बाट बढाएर २५ सय रुपैया ।

व्यक्तिगत तथा अन्य : २५ सय बाट बढाएर २८ सय रुपैया ।

२०८२।१२।२६

... प्रसाद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

पोखरा महानगरपालिकाले छिमेकी पालिकाहरूसँगको समन्वयमा पूर्वाधार विकासका लागि "अन्तर-पालिका साझेदारी कार्यक्रम"मा बजेट विनियोजन गरेमा उक्त योजनाका लागि टोड्के उल्लेरी पर्यटकीय सडक निर्माणका लागि सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नागिरकहरुलाई सेवा प्रवाहमा सहजता र सरलताका लागि घर अभिलेख र घुम्ती शिविर कार्यक्रम सञ्चालन गर्ने सो कार्य गर्नका लागि मिति २०८३ बैशाख ७ गते भित्र कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको पूर्ण अधिकार स्थानीय तहमा निहित रहेको छ। हाले संघीय सरकार (मन्त्रिपरिषद्) बाट २०८३ सालको नयाँ शैक्षिक सत्र वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय भएकोमा लामो समयसम्म विद्यालयमा शैक्षिक गतिविधि ठप्प रहँदा विद्यार्थीहरूको सिकाइ स्तरमा नकारात्मक असर पर्ने र शैक्षिक गुणस्तरमा ह्रास आउने सम्भावनालाई मध्यनजर गर्दै फेदीखोला गाउँपालिकाले विशेष निर्णय गरेको छ।

१. भर्ना अभियान: मिति २०८३ वैशाख २ गते देखि ७ गते सम्म सञ्चालन गरिनेछ।

२. कक्षा सञ्चालन : मिति २०८३ वैशाख ९ गते देखि सञ्चालन गरिनेछ ।

निर्णय नं. १४

शैक्षिक सत्र २०८२ को गाउँपालिका स्तरीय आधारभुत तह कक्षा ५ र ८ को सञ्चालन गरेको परिक्षा र त्यसको नतिजा सम्वन्धमा कार्यपालिका बैठकमा जानकारी गराउनुका साथै सो विषयमा समिक्षा सहित आगामी दिनमा शैक्षिकस्तर सुधार गर्नका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।